# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २६ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- सरकारले देशको निर्यात व्यवस्थालाई सुदृढ गर्न र भारतीय उत्पादहरूको वैश्विक प्रतिस्पर्धा बढाउन विभिन्न नीतिगत उपाय र पहलहरू शुरु गरेको छ।
- शिक्षा मंत्री धर्मेन्द्र प्रधानले राष्ट्रीय शिक्षा नीति २०२० ले विश्वस्तरीय शिक्षालाई सार्वभौमिक रूपमा बढ़ावा दिनुका लागि तैयार गरिएको एक दार्शनिक रूपरेखाको रूपमा कार्य गर्ने बताउनु भएको छ।
- दार्जीलिङ्गको हृदयस्थल मानिने चौरस्ता नजिकैको घोडा अस्तबल छेउको मैला फ्याक्ने भ्याट अब दार्जीलिंग नगरपालिकाले हटाउने भएको छ।
- जीटीए क्षेत्रमा आगामी 20 अगस्त वा भाषा मान्यता दिवस भित्रमा सबै साइन बोर्डहरु नेपाली भाषामा लेखिनु पर्ने युवा शक्ति केन्द्रीय समितिले आह्वान् गरेको छ।
- अखिल भारतीय महिला सम्मेलन दार्जीलिङ शाखाको आयोजनामा विद्यार्थीहरुको लागि तीन दिवसीय जीवन कौशल निर्माण सम्बन्धी प्रशिक्षण आज देखि शुरु भएको छ।

**सरकार - निर्यात व्यवस्था**

सरकारले देशको निर्यात व्यवस्थालाई सुदृढ गर्न र भारतीय उत्पादहरूको वैश्विक प्रतिस्पर्धा बढाउन विभिन्न नीतिगत उपाय र पहलहरू सुरु गरेको छ। वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले आज लोकसभामा एक प्रश्नको जवाफ दिँनुहुदै निर्यात सम्बर्धनलाई प्राथमिकता दिन सरकारले वस्तु तथा सेवा क्षेत्रका २० प्रमुख देश र छ÷छ प्रमुख क्षेत्रहरुको पहिचान गरेको जानकारी दिनुभएको छ । निर्यात विस्तारको रणनीतिबारे चर्चा गर्न यस वर्षको जनवरीमा ती देशहरूमा रहेका भारतीय नियोगका अधिकारीहरूसँग बैठक भएको थियो। ती देशहरुमा अष्ट्रेलिया, बंगलादेश, ब्राजिल, चीन, फ्रान्स, जर्मनी, जापान, रसिया र सिंगापुर रहेका छन्। श्री प्रसादले भन्नुभयो ,भारत बजार पहुँच बढाउन, आपूर्ति श्रृंखलालाई सुदृढ गर्न र निर्यात प्रतिस्पर्धा लाई बढावा दिन व्यापक र सन्तुलित मुक्त व्यापार सम्झौताहरूमा बातचित र अन्तिम रूप दिन सक्रिय रूपमा संलग्न छ। यी नियमित र रणनीतिक व्यापार सम्झौताहरू मार्फत भारत उदीयमान वैश्विक व्यापार संरचनामा भरपर्दो र सुविधाजनक साझेदारको रूपमा उदाइरहेको छ।

**शिक्षा मंत्री धर्मेन्द्र प्रधान-शिक्षा नीति**

शिक्षा मंत्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीमा अखिल भारतीय शिक्षा समागम 2025 लाई संबोधित गर्नु भयो। उहाँले भन्नु भयो - राष्ट्रीय शिक्षा नीति (#NEP2020) विश्वस्तरीय शिक्षालाई सार्वभौमिक रूपमा बढ़ावा दिनुका लागि तैयार गरिएको एक दार्शनिक रूपरेखाको रूपमा कार्य गर्द छ। यस योजनाले हरेक भारतीय भाषालाई प्रोत्साहित गरेकोछ जसको लाभ देशका विद्यार्थीहरुलाई प्राप्त भइरहेकोछ। उहाँले अझ भन्नु भयो आफ्नै मातृभाषामा लेख्न पढ्न र भाव प्रकट गर्न पाउनाले गाँवका विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक परिक्षाहरूमा प्रतिस्पर्धा गर्न सहज बनाएको छ। आज सरकारी नौकरीका लागि मातृभाषामा परीक्षा दिनु सरल भएकोछ। तथा मातृभाषाले प्रतियोगिहरूलाई अब्बल पनि बनाएको छ।

उहाँले उदाहरण दिन्दै केन्द्रीय विद्यार्थीहरुका विद्यार्थीहरु बिना कोचिंग जेईई जस्ता परिक्षाहरूमा सफल बनेका छन भन्नु भयो। जवाहर नवोदय विद्यालय, केविएस विद्यालयहरूका 17 हजार भन्दा बढी विद्यार्थीहरुलाई सफलता मिलेकोछ उहाँले भन्नु भयो।

यसै संदर्भमा दार्जिलिंग की शिक्षाविद तथा पत्रिकारिता विभाग प्रमुख, एनपी कलेज, श्रीमति स्मृति राईले भन्नु भयो-

**2 -बाईट स्मृति राई**

**दार्जीलिंग -गोर्खा जनमुक्ति मोर्चा- ज्ञापन**

गोर्खा जनमुक्ति मोर्चाको भातृ संगठन, दार्जिलिङ तराई डुवर्स प्लानटेसन लेबर युनियनले चिया श्रमिकहरुलाई २०% को दरले एकै किस्तामा बोनस र प्रतिदिन रु २५० को दरले पारिश्रमिक उपलब्ध गराउनुपर्ने माग राख्दै आज दार्जिलिङ टी एसोसिएसनका मुख्य सचिव संदिप मुखर्जी लाई ज्ञापनपत्र बुझाएको छ।संघका अध्यक्ष सुरज सुब्बाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले चिया श्रमिकहरूको माग तत्काल कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिँनुहुदै , विगतका वर्षहरूमा चिया श्रमिकहरूले भोग्दै आएका आर्थिक समस्यालाई मध्यनजर गर्दै यस पटक आगामी महिना भित्रै सभा डाकेर समाधानको बाटो खोजी निकाल्ने कुरामा जोड दिनुभएको छ l।सुब्बाले भन्नुभयो, श्रमिकहरूले वर्षभरि कडा मेहेनत गरेका छन्, त्यसको उचित मूल्यांकन हुनुपर्छ। उहाँले श्रमिकबर्गको मागलाई गम्भीरतापूर्वक सम्बोधन गर्न आग्रह गरिएको बताउनु भएको छ l

**नगरपालिका चौरस्ता परिसर-भ्याट**

दार्जीलिङ्गको हृदयस्थल मानिने चौरस्ता नजिकैको घोडा अस्तबल छेउको मैला फ्याक्ने भ्याट अब दार्जीलिंग नगरपालिकाले हटाउने भएको छ। चौरस्ता सहायक समितिका सदस्यहरूले दार्जीलिङ नगरपालिकाका अध्यक्ष दिपेन ठकुरीलाई दार्जीलिङको ऐतिहासिक चौरस्ता परिसरबाट भ्याट हटाउने माग गर्दै निवेदन पत्र बुझाएका थिए।यसै निवेदनलाई संज्ञानमा लिन्दै अध्यक्ष ठकुरीले आज सभा डाकेका थिए जसमा चौरस्ता सहायक समितिका सदस्यहरू, नगर पार्षदहरू लगायत अन्यको उपस्थिति रहेको थियो।सभापछि अध्यक्ष ठकुरीले चौरस्ता परिसरमा अवस्थित उक्त भ्याट हटाउने निर्णय गरिएको जानकारी दिनु भएको छ। ठकुरीले भन्नु भयो, दार्जीलिङ नगरपालिकाको सोच नगरपालिका क्षेत्रहरूलाई भ्याट-मुक्त क्षेत्र बनाउने रहेको छ, र सो अभियानको सुरुवात चौरस्ता परिसरबाट गरिएको छ ।स्वच्छता साथै पर्यटनको दृष्टिकोणले पनि दार्जीलिङ नगरपालिकाले भ्याट हटाउने योजना बनाएको ठकुरीले थप बताउनु भएको छ।

**जीटीए क्षेत्र-नेपाली भाषा प्रयोग**

जीटीए क्षेत्रमा आगामी 20 अगस्त वा भाषा मान्यता दिवसभित्रमा सबै साइन बोर्डहरु नेपाली भाषामा लेखिनु पर्ने युवा शक्ति केन्द्रीय समितिले आह्वान् गरेको छ। नेपाली भाषा प्रयोगलाई लिएर युवा शक्तिको यो अन्तिम आह्वान् रहेको पनि युवा शक्तिले जनाएको छ। यस विषयमा भारतीय गोर्खा प्रजातान्त्रिक युवा शक्तिको केन्द्रीय महासचिव सदीप प्रधानले जीटीए क्षेत्रमा रहेको विभिन्न सरकारी, गैर सरकारी कार्यालयहरु, विभिन्न विद्यालयहरु, गाडीको सेण्डीकेटतिर साथै सबैतिर नेपाली भाषामा साइन बोर्डहरु लेखिदिने आह्वान् गर्नुभएको छ l उहाँले यो आह्वान् अन्तिम आह्वान् हुने र 20 अगस्तदेखि अथवा भाषा मान्यता दिवसपछि युवा शक्तिले नेपाली भाषा प्रयोगलाई लिएर गम्भीरतापूर्वक अघि बढ्ने बताउनु भएको छ l

**उत्तर बंगाल -बर्षा – सडक आवागमन शुरु**

लगातार परेको बर्षाको कारण आज बिहान टिस्टाको जलस्तर बडेको देखियो। जसको कारण हिज रातिदेखी नै टिस्टा क्षेत्रका मानिसहरुमा व्यापक त्रास फैलिएको थियो। पानीको स्तर बडेको कारण दार्जीलिङ-कालेबुङ जाने मुख्य सडक टिस्टा ब्रीज मुनि पुर्णरुपमा पानीमा समाहित बनेको थियो भने राजमार्ग दसको रबिझोडा अनि 29 माइलमा पनि सडकमा पानी भरिएको थियो। जसको कारण राजमार्ग बन्द रहेको थियो भने भर्खरै प्राप्त रिपोर्ट अनुसार टिस्टाको जलस्तर घटिसकेको छ र प्रशासनको तर्फ बाट सडकमा थुप्रेको बालुवा अनि हिलो सफाइ गरेर गाडीको आवागमन शुरु गरिएको छ। राष्ट्रिय राजमार्ग दस अनि दार्जीलिङ-कालेबुङलाई जोड्ने दुवै सडक पुर्ण रुपमा खोलिएको रिपोर्ट प्राप्त भएको छ।

**दार्जीलिंग -अखिल भारतीय महिला सम्मेलन**

अखिल भारतीय महिला सम्मेलन A.I.W.C. दार्जीलिङ शाखाको आयोजनामा विद्यार्थीहरुको लागि तीन दिवसीय जीवन कौशल निर्माण सम्बन्धी प्रशिक्षण कार्यक्रम आज देखि शुरु भएको छ। आगामी ३१ जुलाईसम्म चल्ने यस प्रशिक्षण कार्यक्रम A.I.W.C भवनमा नै आयोजित गरिएको छ भने आज उद्घाटन सत्रमा अध्यक्ष गुणकेसरी प्रधानले कार्यक्रमका सहभागीहरु लगायत अतिथिहरुलाई स्वागत जनाउनु भयो । आर.के.एस.पी. विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको प्रशिक्षण सत्रमा जिल्ला अस्पताल दार्जीलिङका किशोर परामर्शदाता रुबिना प्रधानले किशोरावस्थाको महत्त्व, शारीरिक तथा मानसिक परिवर्तनहरू र तिनका प्रभावहरूबारे जानकारी दिइन्। यसरी नै जिल्ला अस्पतालका मनोचिकित्सा विषयका अभियन्ता लोपसाङ डिक्छेन लामाले मानसिक स्वास्थ्य सम्बन्धी सहभागी विद्यार्थीहरूलाई सबिस्तार जानकारी गराउनु भयो ।

**घूम यात्री समस्या**

घूम जोरबङ्गलो पीपल्स अर्गनाइजेसन र जी.जे.डी.एम.एस चालक संगठनले संयुक्त पत्रकार सम्मेलन गर्दै घूम रेलवे स्टेशन नजिक यात्री गाडी पार्किङ अनुमति दिने माग गरेका छन्। संगठनका सभापति सांगे डुक्पा अनुसार, स्थानीय यात्रीहरूलाई सुविधा पुर्याउने उद्देश्यले दुईवटा सवारी साधन स्टेशन छेउमा राखिँदै आएकोमा हाल प्रशासनले रोक लगाएपछि समस्या उत्पन्न भएको थियो l

***********